स्थानीय सरकारको रुपमा कार्यरत राइनास नगर कार्यपालिकाले नेपालको संविधान, स्थानीय सरकार सन्चालन ऐन, २०७४ र अन्य क्षेत्रगत नीति, कानून र मापदण्डको अधिनमा रही स्थानीय सरकारका अधिकार क्षेत्र र सवालका विषयमा जनमुखी, नतिजामुखी, पारदर्शी र उत्तरदायी हुने संङ्कल्पका साथ नगरको शासन, सेवा र विकासको अभियानलाई सुविचारित ढङ्गबाट अगाडि बढाउने प्रयास गरिएको छ । यो अभियानमा संघीय सरकार, प्रदेश सरकार, माननीय सांसदहरु, सबै राजनीतिक दलका प्रमुख तथा प्रतिनिधिहरु, उद्यमी व्यवसायी, प्रबुद्ध व्यक्तित्वहरु, समाजसेवी, नागरिक अगुवा र समग्र नगरवासीबाट उल्लेखनीय सल्लाह, सुझाब र पृष्ठपोषण प्राप्त गरेका छौं। जुन राइनासको भविष्य निर्माणको साझा मार्गदर्शन रहेको हाम्रो बुझाइ रहेको छ। अतः सबै सरोकारवालाको निर्णयमा सहज पहुँच पुगोस, खुला र जनउत्तरदायी सरकारको अवधारणालाई वास्तवमै नागरिकले अनुभुति गरोस भन्ने अभिप्रायले कार्यपालिकाबाट भएका निर्णयहरु सार्वजनिक गर्ने प्रयास गरिएको छ ।

राइनास नगरपालिकाको नगर प्रमुख श्री खड्ग बहादुर गुरुङको अध्यक्षतामा मिति २०७९ पुष २९ गते आइतबार बसेको १५ औं नगर कार्यपालिकाको बैठकले छलफलमा पेश भएका कार्यसूचीहरु माथी छलफल गरी देहाय अनुसार निर्णय गरेको छ ।

<u>निर्णयहरु:</u>

२०७९ पुष २९ गते शुक्रबार बसेको कार्यपालिका बैठकले देहायका विषयमा छलफल गरी निम्नानुसारको निर्णय गरेको छ ।

१. नगरकार्यपालिकाबाट हालसम्म प्रवाह गरेका सेवा र विकास निर्माणका कार्यहरुको बारेमा समिक्षा गरियो। विकासका क्रियाकलापलाई थप प्रभावकारी बनाउन निर्देशन गरियो।

२. स्थानीय तहको संस्थागत क्षमताको स्वमूल्याङ्कनबाट यस पालिकाको कार्यालयमा रहेको प्रमाण एवं पुष्ट्याई एवं सम्पादित कामको विवरणको आधारमा देहायको क्षेत्रगत प्राप्त अङ्क सहित कुल ८२.७५ प्रतिशत (अङ्क) उपर छलफल गरी उक्त अङ्क स्वीकृत गरियो।

    क. समग्र स्थिति ८६.९० प्रतिशत

    ख. प्रक्रियागत स्थिति ७६.४७ प्रतिशत

    ग. परिमाणात्मक स्थिति ८५.५६ प्रतिशत

३. अति विपन्न, विपन्न दलित जनजाती र अल्पसंख्यक समुदायको स्वास्थ्य विमा कार्यक्रम कार्यविधी, २०७९ उपर दफाबार छलफल गरी सर्वसम्मतीमा स्वीकृत गरियो। तत्काल कार्यान्वयनमा लैजान नगर कार्यपालिकालाई निर्देशन गरियो।

४. बालबालिकाको बाँच्न पाउने, संरक्षित/सुरक्षित हुने, विकास र सहभागिताको अधिकारलाई प्रवर्द्धन गरी नगरपालिकालाई २०८२ फागुन मसान्तसम्ममा बालमैत्री स्थानीय शासन पूर्ण रुपमा लागू भएको पालिका घोषणा गर्ने निर्णय गरियो।

५. आर्थिक ऐन, २०७९ को अनुसूची १ को ७ र ८ मा उल्लेख भएको कटानी र निकासी (कुकाठ/सुकाठ) प्रति क्यूफिट क्रमशः रु. १००/३००/५०० व्यवहारमा कार्यान्वयन गर्न कठिन भएकोले तथा उक्त दर अत्यन्तै महङ्गो समेत भएकोले देहाय अनुसार संशोधन गर्ने निर्णय गरियो।

| विवरण | प्रकार | निकासी दस्तुर | | | कैफियत |
|---|---|---|---|---|---|
| | | प्रति ट्रक | प्रति ट्रिपर | प्रति ट्याक्टर | |

| | | | | | |
|---|---|---|---|---|---|
| दाउरा | कुकाठ | २५०० | १५०० | ७०० | |
| दाउरा | सुकाठ | ३००० | २००० | १२०० | |
| बाँस | | २००० | १००० | ५०० | |
| खयर प्रति क्यू. फिट | | रु. ३० | | | |
| चाँप प्रति क्यू. फिट | | रु. ६० | | | |
| साँज प्रति क्यू. फिट | | रु. २५ | | | |
| साल प्रति क्यू. फिट | | रु. १०० | | | |
| कटानी सिफारीस शुल्क | | रु. ७०० प्रति पटक | | | |

- उक्त संशोधन सम्बन्धी निर्णय अनुमोदनको लागि आगामी ११ औं सभामा पेश गर्ने निर्णय गरियो।
- पालिका भित्र व्यक्तिगत आवास तथा गोठ निर्माण प्रयोजनको लागि न्युनतम रुख कटानी गर्दा कटानी सिफारिस लिन नपर्ने निर्णय गरियो।

६. उत्पादनमा आधारित नगद प्रोत्साहन कार्यविधी, २०७९ बमोजिम कोदो उत्पादनलाई अनुदान उपलब्ध गराउन नपुग रकम रु. ४ लाख थप निकासा दिन नगरपालिकालाई निर्देशन गर्ने निर्णय गरियो।

७. वडा नं. ३ को बाल विद्या मन्दिर विद्यालयको विद्यार्थी संख्या थोरै भई विद्यालय संचालनमा नआएको तथा विद्यार्थीहरुको शिक्षण सिकाइको लागि वैकल्पिक व्यवस्था समेत भएकोले विद्यालयले चर्चेको भवन, जग्गा, फर्निचरहरुको संरक्षण नभएकोले अर्को आदेश नभएसम्म उक्त सम्पत्ति ३ नं. वडा समितिको निर्णय बमोजिम सार्वजनिक हित प्रयोजनार्थ उपयोग एवं संरक्षण गर्न वडा नं. ३ को कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

८. पालिकाभित्र संचालनमा रहेका निर्माणमुखी पदार्थको उत्खनन, संकलन, प्रशोधन गर्ने उद्यमी व्यवसायीलाई प्रचलित कानून अनुसार व्यवसाय दर्ता, अनुमति लिन तथा अन्य उत्खनन, प्रशोधन र ओसार पसार सम्बन्धी मापदण्ड पालना गर्न गराउन निर्देशन गर्ने निर्णय गरियो।

९. कृषि उत्पादन प्रचुर सम्भावना भएको यस पालिकाको विकासको प्राथमिक क्षेत्रको रुपमा रहेको कृषिउत्पादनलाई व्यवसायीकरण, आधुनिकरण र बजारीकरण गर्न उत्पादित वस्तुलाई कोल्डस्टोरमा भण्डारण गर्न कोल्डस्टोर निर्माण गर्न संघीय सरकारको सहयोगमा निर्माणाधिन साविक धमिलिकुवा गा.वि.स. वडा नं. ६ (हाल रा.न.पा वडा नं. ६) स्याउलीमा रहेको कित्ता नं. ३३५ को कुल क्षेत्रफल २६-३-३-० जग्गा स्थानीय तहले उपयोग गर्ने गरी जग्गा प्राप्ती सम्वन्धी निर्णयको लागि नेपाल सरकारसँग अनुरोध गर्ने निर्णय गरियो। साथै नेपाल सरकारका नाममा जग्गाधनी प्रमाणपत्र जारी गर्न मालपोत कार्यालयं र नापी कार्यालय लमजुङलाई अनुरोध गर्ने निर्णय गरियो।

१०. मिति २०७९/०९/२९ गते १:०० बजे नगरपालिकाको कार्यालय तिनपिप्लेमा आयोजना गरिने सार्वजनिक सुनुवाई कार्यक्रममा नगर कार्यपालिकाका सबै सदस्यहरु उपस्थित भई नागरिकका चासो, सरोकार, गुनासो सुन्ने तथा गुनासो सम्बोधन गर्न सामूहिक प्रयास गर्ने निर्णय गरियो।

११. नगर कार्यपालिकाको मिति २०७९/०७/२५ र २०७९/०८/०७ को राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सार्वजनिक सूचना अनुसार सूचिकृत हुन आएका सवारी साधन सप्लायर्सहरुवाट पेश हुन आएका प्राविधिक एवं आर्थिक प्रस्ताव मूल्याङ्कन गर्दा श्री बतास ब्रदर्श प्रा. लि. पोखराले पेश

गरेको कबोल अङ्क रु. २५६५०००/- (मु.अ.कर सहित) विभागीय ल.ई. २६५००००/- भन्दा ३.२० प्रतिशत कमी भएकोले क्याटलग सपिङ्ग विधीबाट पेश हुन आएको बतास ब्रदर्शको प्रस्ताव न्यूनतम मूल्याङ्कित सारभुत रुपमा प्रभावकारी भएकोले 4WD, Single cab pick up सवारी खरिद गर्ने प्रस्ताव स्वीकृत गरी खरिद सम्झौता एवं १०० प्रतिशत भन्सार छुट लिने प्रक्रिया तत्काल अगाडि बढाउन कार्यपालिकालाई निर्देशन गरियो।

१२. नगर कार्यपालिका र सभाको विभिन्न बैठकबाट पूर्व स्वीकृती दिएका मा.वि. तहका आठ दरवन्दीमा (आन्तरिक स्रोतबाट व्यय हुने गरी) संघीय सरकारको सशर्त अनुदानतर्फको बजेटबाट ६ वटा दरवन्दी प्राप्त हुने गरी बजेट प्राप्त भएकोमा शिक्षा तथा मानव स्रोत विकास केन्द्रको च.नं. १७ मिति २०७९/०४/१५ पत्रबाट गत आ.व. २०७८/७९ को ४ वटा दरवन्दीको मात्र अनुमती दिन निर्देशन भएकोमा पालिकाबाट थप दरवन्दी सिर्जना नगरी पूर्व स्वीकृति दिएको दरवन्दीलाई निरन्तरता दिने निर्णय गरियो।

१३. नगरपालिकाको कार्यचाप, कार्यक्षेत्र बढ्दै गएकोले साविकमा स्वीकृत भई कार्यान्वयनमा रहेका दरवन्दी तेरिज नगरपालिकाको आवश्यकता र क्षमता समेतलाई दृष्टिगत गरी संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M) अद्यावधिक गर्नु पर्ने भएकोले संगठन तथा व्यवस्थापन सर्वेक्षण अध्ययन गरिदिनु हुन श्री स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानलाई अनुरोध गर्ने निर्णय गरियो।

१४. नगर क्षेत्र भित्रका सार्वजनिक जग्गाहरुमा अवैध संरचना बनाउने, निर्माण सामग्री जम्मा गर्ने, अनधिकृत प्रयोग गर्ने, नक्शापास नगरी सडकको क्षेत्राधिकार भित्र अस्थायी एवं स्थायी संरचना बनाएको वा बन्दै गरेको जन गुनासो आएकोले उक्त अवैध गतिविधीहरु तत्काल रोक्न सार्वजनिक सूचना आव्हान गर्ने तथा प्रचलित कानून विपरितका त्यस्ता गतिविधीहरु तत्काल नरोकेमा स्थानीय सरकार संचालन ऐन, २०७४ अनुसार कारवाही प्रक्रिया अगाडी बढाउने निर्णय गरियो।

निर्णयहरु कार्यान्वयनमा सबै सरोकारवालाहरुको सकरात्मक सहयोग, सद्भाव र सहभागिताको अपेक्षा राइनास नगरपालिकाले गरेको छ। धन्यवाद।

राइनास नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सिंदीबाँस, लमजुङ
गण्डकी प्रदेश, नेपाल
२०७३

गोविन्द चिलुवाल
प्रवक्ता
नगर कार्यपालिका

नगर प्रवक्ता